## परिच्छेद – ३
## कार्यान्वयन तथा व्यवस्थापन

७. **आयोजना कार्यान्वयनः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

८. **आयोजना सम्झौताको लागि आवश्यक कागजातहरुः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

९. **उपभोक्ता समितिको क्षमता विकासः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

१०. **खाता सञ्चालनः** (१) उपभोक्ता समिति, सहकारी, समुहको खाता कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जनाको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । खाता सञ्चालकहरु मध्ये कम्तिमा एकजना महिला हुनु पर्नेछ ।

११. **पेश्कीः** कार्य संचालन प्रक्रिया सरल र व्यवस्थित बनाउन गा. पा. द्धारा विनियोजन रकम र उपभोक्ता समिति, सहकारी वा समुहले जम्मा गरेको रकमको ३३ प्रतिशत रकम पेश्की प्रदान गर्न सकिने छ । अन्य व्यवस्था विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

१२. **भुक्तानी प्रकृयाः** विरुवा गाउँपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७७ बमोजिम हुनेछ ।

१३. **निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्नु पर्नेः** उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजना गुणस्तर सुनिश्चित गर्नु सम्वन्धित उपभोक्ता समितिको कर्तव्य हुनेछ । गुणस्तर सुनिश्चितता गर्नको लागि अन्य कुराहरुको अतिरिक्त निम्न विषयहरु पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(क) निर्माण सामाग्रीको गुणस्तरः निर्माण सामाग्री ड्रइङ, डिजाईन र स्पेसिफिकेसन बमोजिमको गुणस्तर कायम गर्नु पर्नेछ ।

(ख) निर्माण विधि र प्रकृयाको गुणस्तरः निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम गर्नु पर्नेछ

(ग) अन्य आयोजनाहरुसँग अन्तरसम्बन्ध कायम गर्नुपर्ने,

(घ) असल नागरिकको आचरण पालना गर्नुपर्ने ।

(ङ) उपभोक्ता समितिले आयोजनाको फरफारकको लागि कार्यालयमा कागजात पेश गर्दा आयोजनाको भौतिक तथा वित्तिय प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(च) कृषि उत्पादन बृद्धि, उत्पादकत्व बृद्धि, स्वरोजगार सृजना, बजारीकरण र कृषि पर्वद्धन गर्ने ।

२०. **मापदण्ड बनाउन सक्नेः** (१) आयोजनाको गुणस्तर सुनिश्चितताको लागि कार्यालयले अनुगमन, मुल्याङ्कन गरी सम्वन्धित उपभोक्ता समिति, क्लब, समुहलाई सल्लाह, सुझाव र आवश्यकता अनुसार निर्देशन दिने तथा समन्वय गर्नु पर्नेछ.

(२) गाउँपालिका पूर्वाधार साझेदार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाको प्रकृति हेरी गुणस्तर सुनिश्चितता गर्ने प्रयोजनको लागि कार्यालयले थप मापदण्ड तथा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

२१. **कृषि तथा पशु सँग संम्बन्धित योजना मात्र छनोट गर्नु पर्नेः** नमुना कृषि कार्यक्रम अन्तर्गत कृषि तथा पशुपालन र सोको उत्पादन उत्पादकत्व बृद्धि गर्ने र बजारीकरण सगँ  सम्बन्धित आयोजना मात्र छनोट गर्नु पर्नेछ ।

२२. **सुचना प्रकाशित गर्नुपर्नेः** (१) यस कार्यक्रमको कार्यन्वनको लागि वडा कार्यालय वा गाउँपालिका कार्यालयले कम्तिमा १५ दिनको म्यादको सूचना प्रकाशित गरि इच्छुक उपभोक्ता समिति, सहकारी र समुहबाट अनुसुचि १ बमोजिमको ढाँचामा आवेदन माग गर्नु पर्नेछ । यदि वडा कार्यालय बाट सुचना प्रकाशित भएको भए प्राप्त आवेदनहरु मध्येबाट अनुसुचि २ बमोजिमको ढाँचा अनुगमन गरि १ वटा उपभोक्ता समिति, सहकारी वा समुह वडा समितिको बैठक बाट  छनोट गरि कार्यापालिकामा पेश गरी कार्यपालिका बाट अनुमोदन गराउनु पर्नेछ । तर गाउँपालिका कार्यलय बाट सूचना प्रकाशित भएमा दफा २२ बमोजिमको सिफारीस समिति रहने छ ।

